विधेयक संख्याः

मितिः

# विपद् व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्रदेश सभा सचिवालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# <u>विपद् व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५</u>

**<u>प्रस्तावनाः</u>** विपद् व्यवस्थापन ऐन, २०७५ लाई समयनुकूल संशोधन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "विपद व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>मूल ऐनको दफा २ मा संशोधनः</u>**

मूल ऐनको दफा २ को (छ) मा "समिति" को सट्टा "परिषद्" बनाइएको छ ।

**३. <u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** (१) मूल ऐनको दफा ३ को उपदफा (१) मा "समिति" को सट्टा "परिषद्" राखिएको छ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ ।

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) सबै मन्त्रालयका मन्त्री - सदस्य

(ग) प्रदेश सभाका प्रमुख विपक्षी दलका नेता - सदस्य

(घ) प्रदेश योजना आयोगका उपाध्यक्ष - सदस्य

(ङ) मुख्य न्यायाधिवक्ता - सदस्य

(च) प्रमुख सचिव - सदस्य

(छ) सबै मन्त्रालयका सचिव - सदस्य

(ज) प्रदेशस्थित नेपाली सेनाको प्रमुख - सदस्य

(झ) प्रदेशस्थित नेपाल प्रहरीको प्रमुख - सदस्य

(ञ) प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपालको प्रमुख - सदस्य

(ट) प्रदेशस्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख - सदस्य

(ठ) प्रदेश प्रहरी ऐन बमोजिम गठन हुने प्रदेश प्रहरी प्रमुख - सदस्य

(ड) प्रदेश अनुसन्धान व्युरो प्रमुख - सदस्य

(ढ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्ये दुई जना महिला सहित परिषद्बाट मनोनित पाँच जना - सदस्य

(ण) प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ढ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषदले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्य पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

४. **<u>मूल ऐनको दफा ३ को उपदफा (३) झिकिएको छ ।</u>**

५. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** (१) मूल ऐनको दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्री | - अध्यक्ष |
| (ख) सबै मन्त्रालयका सचिव | - सदस्य |
| (ग) प्रदेश प्रमुखको कार्यालयको सचिव | - सदस्य |
| (घ) प्रदेश सभा सचिवालयको सचिव | - सदस्य |
| (ङ) प्रदेशस्थित नेपाली सेनाको प्रमुख | - सदस्य |
| (च) प्रदेशस्थित नेपाल प्रहरीको प्रमुख | - सदस्य |
| (छ) प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपालको प्रमुख | - सदस्य |
| (ज) प्रदेशस्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख | - सदस्य |
| (झ) प्रदेशस्थित संघीय प्रहरी इकाई प्रमुख | - सदस्य |
| (ञ) प्रदेश कानून बमोजिम गठन हुने प्रदेश प्रहरी प्रमुख | - सदस्य |
| (ट) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्येबाट एक जना महिला सहित कार्यकारी समितिबाट मनोनित तीन जना | - सदस्य |
| (ठ) प्रदेश उद्योग वाणिज्य महासंघको अध्यक्ष | - सदस्य |
| (ड) प्रदेशस्तरीय रेडक्रस सोसाइटीको अध्यक्ष | - सदस्य |
| (ढ) आन्तरिक मामिला मन्त्रालयको विपद् महाशाखा प्रमुख | - सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ट) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

६. **<u>मूल ऐनको दफा ६ को उपदफा ३ झिकिएको छ</u>** ।

उपरोक्त सम्बन्धमा मिति २०७६/१/२२ गते बसेको प्रदेश सभाको तेस्रो अधिवेशनको ३४ औं बैठकले पारित गरेको विधेयक **"विपद् व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** नेपालको संविधानको धारा २०१(१) बमोजिम प्रमाणित गर्दछु ।

____________________

मा. प्रदिप कुमार भण्डारी

सभामुख